# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ८० | निर्णय मितिः २०८१/०२/०४ |
|---|---|

## निर्णय नं.: ८२

## आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारहरूबाट आ-आफ्ना प्रदेश भरका स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानको आधार निर्धारण र सिफारिस सम्बन्धमा

(१) प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको आधार सिफारिस गर्ने प्रस्तावको सम्बन्धमा छलफल गरियो। सो सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सिफारिस गर्दा उक्त ऐनको दफा १६ को उपदफा (१) र (२) अनुसार प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने सशर्त अनुदान सिफारिस गर्न देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ :

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजश्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता ।

माथि उल्लिखित आधारहरुको बारेमा समेत अध्ययन अनुसन्धान एवम् विश्लेषण गरी आधार सिफारिस गर्नु पर्नेमा प्रस्ताव पेश हुँदा यी विषयहरुको कुनै पनि अध्ययन एवं विश्लेषण भएको देखिएन। उल्लेखित आधारहरुको सम्बन्धमा प्रस्तावक सदस्यले अन्य अनुदानहरुको सिफारिस गर्दा आफ्नो विचार अभिव्यक्त गर्ने गरेको सन्दर्भमा प्रदेशबाट स्थानीय सरकारमा जाने सशर्त अनुदानको आधार सिफारिस गर्ने प्रस्ताव प्रस्तुत गर्दा आफूले पहिले प्रस्तुत गरेका विचारहरुलाई निर्णय प्रक्रियामा लैजाने अवस्थाबाट विमुख हुनु भएको देखिन्छ। यसले गर्दा प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यको आफ्नै विचारमा संगति नभएको जस्तो देखिन गएको हुँदा आगामी वर्षको सिफारिस गर्दा माथि उल्लेखित विषयहरूलाई समेत ध्यान दिई प्रस्ताव प्रस्तुत गर्न ध्यानाकर्षण गराउने।

(२) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) अनुसार "आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिनेछ।" भन्ने व्यवस्था भए अनुसार प्रदेशबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानको आधार सिफारिस गर्दा स्थानीय सरकारको कार्यसम्पादनलाई पनि हेर्नुपर्ने

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

हुन्छ तर स्थानीय सरकारको कार्यसम्पादन मापन गर्ने कुनैपनि सूचकहरु प्रस्तावित भै नआएको हुँदा यस सम्बन्धमा सम्बन्धित सदस्यलाई आगामी सिफारिसमा यसलाई समेट्ने गरी ध्यानाकर्षण गराउने।

(३) प्रस्तुत सिफारिस प्रदेशहरुले आफ्नो बजेट प्रकृयालाई निकै अगाडी बढाई सकेको अवस्थामा केही ढिलो गरी पेश हुन गएको विषयलाई जानकारीमा लिने।

(४) आर्थिक वर्ष २०८१/८२ का लागि संविधान र कानुन बमोजिम सातवटै प्रदेश सरकारबाट आ-आफ्नो प्रदेशभित्रका स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदानको आधार सम्बन्धित माननीय सदस्यबाट प्रस्तावसाथ पेश हुन आएको विवरणमा परिमार्जन सहित यसैसाथ संलग्न विवरण बमोजिम स्वीकृत र सिफारिस गर्ने।

(५) बुँदा नं. (४) मा स्वीकृत गरिएको सिफारिस आवश्यक कारवाहीका लागि आर्थिक मामिला सम्बन्धी मन्त्रालयमार्फत प्रदेश सरकारमा लेखी पठाउने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग